## विशेष साधारण सभा

यस लुका इन्भेष्टमेन्ट प्रा.लि.को विशेष साधारण सभा प्रा.लि. संचालक समितिका अध्यक्ष श्री बाबुराजा मानन्धरको अध्यक्षतामा निम्न मिति, समय र स्थानमा बसी निम्न लिखित निर्णय गरियो ।

मिति : २०७३/१२/१७ गते

समय : विहान : १० बजे

स्थान : प्रा.लि. को सभाकक्ष, ललितपुर उ.म.न.पा.-७ ललितपुर ।

### उपस्थिती

| क.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री बाबुराजा मानन्धर | अध्यक्ष | |
| २. | श्री टिकाराम निरौला | संचालक | |
| ३. | श्री छबिलाल लुईटेल | संचालक | |
| ४. | श्री राम नाथ मैनाली | संचालक | |

### सभाको वैधानिकता

यस सभाको वैधानिकता सम्बन्धमा छलफल हुँदा कम्पनी ऐन, २०६३ तथा यसै कम्पनीको प्रबन्धपत्र, नियमावली बमोजिम साधारण सभा बस्नको लागि आवश्यकको शेयरको प्रतिनिधित्व रहि शतप्रतिशत शेयरधनीको उपस्थिती रहेको हुँदा यो विशेष साधारण सभा विधिवत संचालन गर्ने निर्णय गरियो ।

### प्रस्ताव

प्रस्ताव

प्रस्ताव

१. कम्पनीको अधिकृत तथा जारी पूँजी बृद्धि गर्ने र सो को लागि प्रबन्धपत्रको दफा ६ को उपदफा (क) र (ख) मा शंसोधन गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाण्डौंबाट अभिलेख गरि ल्याउने सम्बन्धि विशेष प्रस्ताव ।

२. विविध ।

### निर्णय

१. कम्पनीको अधिकृत तथा जारी पूँजी बृद्धि गर्ने र सो को लागि प्रबन्धपत्रको दफा ६ को उपदफा (क) र (ख) मा शंसोधन गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाण्डौंबाट अभिलेख गरि ल्याउने सम्बन्धि विशेष प्रस्तावका सम्बन्धमा छलफल हुँदा यस प्रा.ल. को साविकको अधिकृत पूँजी रु. १,००,००,०००।- (अक्षरेपी रु एक करोड मात्र ) तथा जारी पूँजी रु. ५०,००,०००।- (अक्षरेपी रु पचास लाख मात्र ) रहेकोमा यस कम्पनीलाई अझ ब्यबस्थित रुपमा संचालन गर्नका लागि यस कम्पनीको साविकको अधिकृत तथा जारी पूँजीमा बृद्धि गर्न आवश्यक भएकोले यस कम्पनीको साविकको अधिकृत पूँजी रु. १,००,००,०००।- (अक्षरेपी रु एक करोड मात्र ) तथा जारी पूँजी रु. ५०,००,०००।- (अक्षरेपी रु पचास लाख मात्र )बाट बृद्धि गरी अधिकृत तथा जारी पूँजी रु. ३,००,००,०००।- (अक्षरेपी रु तीन करोड मात्र ) गर्ने निर्णय गरियो र उक्त साविकको अधिकृत तथा जारी पूँजी बृद्धि गर्नका लागि यस कम्पनीको प्रबन्ध पत्रको दफा ६ (क) र (ख) मा देहाय बमेजिम हुने गरी शंसोधन गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाण्डौंबाट अभिलेख गरि ल्याउने सर्वसम्मतबाट निर्णय गरियो ।

प्रबन्ध पत्रको दफा ६(क) र (ख) मा भएको संशोधन

| सावकिको व्यवस्था | हाल संशोधन गरिएको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| दफा ६(क) कम्पनीको अधिकृत पूँजी रु. १,००,००,०००।- (एक करोड रुपैया) हुनेछ । सो पूँजी लाई प्रति शेयर रु. १००।-(एक सय रुपैया) दरका १,००,००० थान साधारण शेयरमा विभाजन गरिएको छ । कम्पनीले अगाधिकार शेयर सम्बन्धि कुनै व्यवस्था गरेको छैन । | दफा ६(क) कम्पनीको अधिकृत पूँजी रु. ३,००,००,०००।- (तीन करोड रुपैया) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १००।-(एक सय रुपैया दरका ३,००,००० थान साधारण शेयरमा बिभाजन गरिएको छ । कम्पनीले अगाधिकार शेयर सम्बन्धि कुनै व्यवस्था गरेको छैन । | यस प्रा. लि. लाई व्यवस्थित रुपमा संचालन गर्नका लागि थप पूँजीको आवश्यकता परेको हुँदा अधिकृत तथा जारी पूँजीमा बृद्धि गर्न निर्णय भई शंसोधन गरिएको । |
| (ख) कम्पनीको जारी पूँजी रु. ३,००,००,०००।- (तीन रुपैया) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु.१००।- दरका ३,००,००० थान साभारण शेयरमा विभाजन गरिएको छ । | (ख) कम्पनीको जारी पूँजी रु. ३,००,००,०००।- ( तीन करोड रुपैया) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. रु.१००।- दरका ३,००,००० थान साधारण शेयरमा विभाजन गरिएको छ । | |

२. विविध अन्तर्गत छलफलको अन्य विषयबस्तु केहि बाँकी नरहेकाले आजको यस विशेष साधारण सभा यहि सम्पन्न गरिएको घोषणा अध्यक्षज्यूबाट गरियो ।